### न्याय

८५. आधारभूत न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्ने न्यायिक पहुँच सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८६. मेलमिलापको माध्यमबाट स्थानीय विवादमा विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ।

८७. न्यायिक इजलासलाई व्यवस्थित गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ।

### कानून

८८. बुढिगंगा नगरपालिकाबाट पारित तथा अनुमोदन भएका ऐन, नियमावली, कार्यविधि लगायतका कानूनहरुलाई स्थानीय राजपत्र तथा वेबसाईटमा प्रकाशन गरी नियमित रुपमा सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

### मानव अधिकार

८९. मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको अन्त्य गर्न सामाजिक तथा आर्थिक विकास शाखा तथा कानुनी मामिला इकाइ मार्फत विशेष कार्यक्रम तय गरिनेछ।

### पूर्वाधार विकास

#### सडक तथा यातायात

९०. बुढिगंगा चक्रपथलाई बुढिगंगा *गौरवका सडक* सञ्जालको रुपमा विकास गरिनेछ। सडक तथा यातायातको सञ्चालन लागत तथा दुरी कम गर्न तथा सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकता अनुसार सडकको रेखाङ्कन गर्न बुढिगंगा समृद्धिको गुरुयोजना निर्माण गरिनेछ।

९१. वडा स्तरका सडक तथा गोरेटा बाटाहरुलाई *सम्भाव्यता अध्ययन* पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ।

९२. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ। सडकको क्षेत्र (right of way) नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ।

९३. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ।

९४. बुढिगंगा नगरपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ। नगरपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक स्तरोन्नति गरिनेछ।

९५. सडक पहुँच नपुगेका क्षेत्रहरुमा नयाँ ट्र्याक खोली सडक विस्तार गर्ने कार्यलाई प्राथमिकता साथ द्रुत गतिमा अगाडि बढाइनेछ।

९६. मुख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गर्न काठेपुलहरुलाई विस्थापित गरिनेछ।

९७. बुढिगंगा नगरपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति अवलम्बन गरिनेछ।

### जलविद्युत

९८. ठूला जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनालाई पनि सुदृढ गरी विद्युत प्रत्येक वस्तीमा सूचारु गरिनेछ।

९९. साविकमा निर्माण सुरू भई अधुरो रहेका जलविद्युत आयोजनाहरुलाई आवश्यकता तथा दीगोपनाको आधारमा पूर्णता प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

### सूचना तथा सञ्चार प्रविधि

१००. डिजिटल बुढिगंगा नगरपालिकाको अभियानलाई साकार पुऱ्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान गरिनेछ। र यसको दिगोपनालाई बिशेष ध्यान दिईनेछ।

१०१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो, टेलिभिजन प्रसारणको व्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

१०२. विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग (Innovative Use) प्रवर्द्धन गर्न विशेष कार्यक्रम लागु गरिनेछ।

१०३. बुढिगंगा नगरपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ।

१०४. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

१०५. निजी क्षेत्र समेतको सहभागितामा Group SMS, IPT Software, मोबाइल एप, दर्ता चलानी सम्बन्धी सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) बुढिगंगा नगरपालिका बनाईनेछ।